# स्थानीय राजपत्र

भाग-२ खण्ड ५ संख्या ६

## बागलुङ नगरपालिकाद्वारा प्रकाशित

### “विद्यालय शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७८”

बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ५ संख्या ६ (२५ भाद्र २०७८)

**भाग–२**

# बागलुङ नगरपालिका
# “विद्यालय शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७८”

## प्रस्तावना

बागलुङ नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा ४४ अधिनमा रही बागलुङ नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरवन्दी, राहत अनुदान कोटा, बालविकास सहजकर्ता, नगरपालिकाको स्रोतबाट तलब भत्ता खाने पदमा नियुक्त हुने शिक्षक, कर्मचारी तथा बालविकास केन्द्रका सहजकर्ताहरुको करार तथा अस्थायी नियुक्ति प्रक्रियालाई व्यवस्थित गर्नको लागि बागलुङ नगरपालिका यो कार्यविधि बनाइ लागू गरेको छ ।

## १. संक्षिप्त नाम, प्रारम्भ र प्रयोग

क) यो कार्यविधिको नाम बागलुङ नगरपालिका शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७८ रहेको छ ।

ख) यो कार्यविधि बागलुङ नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालय तथा वालविकास केन्द्रहरुमा हुने अस्थायी तथा करार नियुक्ति सम्बन्धी प्रयोजनमा लागू हुनेछ ।

ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

घ) यो कार्यविधि सामुदायिक विद्यालयका विद्यालय सहयोगी, विद्यालय सहायक, बालविकास सहजकर्ता, प्राथमिक तहदेखि माध्यमिक तहसम्म नेपाल सरकार वा नगरपालिकाको स्रोतबाट तलब भत्ता पाउने गरी स्वीकृत दरवन्दी, स्थायी, अस्थायी, करार, परियोजना तथा राहत अनुदानकोटा तथा स्वयमसेवकको रुपमा नियुक्त हुने शिक्षक कर्मचारीहरुको नियुक्तिको लागि प्रयोग हुनेछ ।

## २. परिभाषा

क) ऐनु भन्नाले बागलुङ नगरपालिका शिक्षा ऐन, २०७६ सम्झनुपर्छ । साथै ऐन भन्नाले संघिय शिक्षा ऐन तथा प्रादेशिक शिक्षा ऐन समेतलाई जनाउनेछ ।

ख) नियमावलीु भन्नाले  बागलुङ नगरपालिका शिक्षा नियमावली, २०७७ सम्झनुपर्छ । साथै नियमावली भन्नाले प्रचलित संघिय शिक्षा नियमावली तथा प्रादेशिक शिक्षा नियमावलीलाई समेत जनाउनेछ ।

ग) शिक्षक सेवा आयोगु भन्नाले संघीय कानून अनुसार गठित शिक्षक सेवा आयोग सम्झनु पर्छ । यो शब्दले प्रादेशिक स्तरमा शिक्षक सेवा आयोग गठन भएमा सो आयोगलाई समेत जनाउनेछ ।

घ) शिक्षा शाखा भन्नाले बागलुङ नगरपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

ङ) कार्यविधि भन्नाले बागलुङ नगरपालिका शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी कार्यविधि, २०७८ सम्झनुपर्छ ।

## परिच्छेद : एक

१.१) नेपाल सरकारको स्रोतबाट पारिश्रमिक पाउने पदमा करारमा शिक्षक नियुक्ती सम्बन्धी व्यवस्थाः (१) दरवन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा व्यवस्थापन समितिले नगर शिक्षा अधिकारी मार्फत शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नु पर्नेछ । सो वमोजिम सुचिमा सुचिकृत उम्मेदवारको नामावली उपलब्ध गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम माग गरेको सूची प्राप्त भए पछि सूचीमा रहेका उम्मेदवारमध्ये व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

१.२) नियम १.१ बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले १.३ बमोजिमको शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेको व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

१.३) शिक्षक तथा कर्मचारी छनौट समिति : (१) सामुदायिक विद्यालयमा नेपाल सरकारद्वारा स्वीकृत दरवन्दी र राहतरअनुदान कोटामा

करारमा शिक्षक र विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय वमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ :

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य अध्यक्ष

(ख) बागलुङ नगरपालिकाको शिक्षा अधिकृत सदस्य

(ग) नगरपालिकाले तोकेको विशेषज्ञ २ जना सदस्य

(घ) प्रधानाध्यापक सदस्य-सचिव

(२) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

# परिच्छेद : दुई

२.१) नियम १.३ बमोजिमको समितिले शिक्षक कर्मचारी नियुक्ति गर्दा अवलम्वन गर्नुपर्ने प्रक्रिया

(क) शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्ति गर्दा शिक्षा शाखाबाट दरवन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराई अनुमति लिएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्न सकिनेछ ।

(ख) शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्ति गर्न कम्तीमा पन्ध्र दिनको सार्वजनिक सूचना सम्भाव्य सवै माध्यमवाट प्रकाशन गर्नुका साथै वडा कार्यालय, नगर कार्यपालिका र सम्बन्धित विद्यालय समेतमा त्यस्तो सूचना टाँस्नु पर्नेछ । यस्तो सूचना बागलुङ नगरपालिकाको वेवसाइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्ने छ ।

(ग) शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र निवेदन साथ पेश गर्नु पर्नेछ ।

(घ) प्राप्त हुन आएका निवेदन, प्रमाणपत्र र सम्बन्धित विवरणहरु सम्बन्धित विद्यालयले शिक्षा शाखामा उपलब्ध गराउनु पर्नेछ ।

(ङ) शिक्षा शाखाको परामर्शमा कम्तिमा ३ दिनको अवधि तोकी लिखित परीक्षाको मिति तय गरी सम्बन्धित उम्मेदवारहरुलाई सूचित गर्नुपर्नेछ ।

(च) उक्त परीक्षाको केन्द्र नगरपालिकामा हुनेछ । परीक्षा संचालन, प्रश्नपत्र निर्माण लगायत अन्य आवश्यक कार्यविधि नियम १.३ बमोजिम गठित समितिको निर्णय अनुसार हुनेछ ।

(छ) १.३ बमोजिम गठित समितिको सिफारिसमा विद्यालयले यस नियम बमोजिम करारमा शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्त गरी सोको अभिलेखीकरणको लागि शिक्षा शाखालाई जानकारी दिनु पर्नेछ र शिक्षा शाखाले सोको अभिलेख राखेको प्रमाण विद्यालयलाई दिनु पर्नेछ ।

(ज) नियम १.२ मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा शिक्षक तथा कर्मचारी नियुक्त भएको एक शैक्षिक सत्रसम्म पनि रिक्त पदमा नियमानुसार स्थायी पद पूर्ति नभएमा व्यवस्थापन समितिले करारको म्याद थप गर्न सक्नेछ । विद्यालयले प्रत्येक शैक्षिक सत्रको शुरुमा उक्त म्याद थपेको पत्र अभिलेखीकरणको लागि शिक्षा शाखा समक्ष पेश गर्नुपर्नेछ ।

(झ) यस नियम वमोजिमको प्रक्रिया नपुर्याइ शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ता नियुक्ति गरेमा नगर शिक्षा समितिबाट त्यस्तो नियुक्ति बदर गरी सम्बन्धित प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ ।

(ञ) विद्यालयमा नेपाल सरकारको स्रोतबाट तलब भत्ता पाउने जुनसुकै प्रकारका शिक्षक, विद्यालय सहायक, विद्यालय सहयोगी तथा बालविकास सहजकर्ता नियुक्तिमा यो प्रक्रिया अवलम्वन गर्नुपर्नेछ ।

## परिच्छेद : तीन

३.१) विज्ञान र विज्ञान गणित शिक्षक व्यवस्थापन सम्वन्धी विशेष व्यवस्था : प्रथमपटक विज्ञापन गर्दा कुनै अध्यापन अनुमतिपत्र प्राप्त उम्मेदवारले दरखास्त नदिएमा विद्यालयले पुन ७ दिने विज्ञापन गर्नुपर्नेछ । ७ दिने विज्ञापन अवधिमा पनि दरखास्त पर्न नआएमा पुन ३ दिने विज्ञापन गर्नु पर्नेछ । त्यस्तो विज्ञापन गर्दा अध्यापन अनुमतिपत्र प्राप्त नगरेका उम्मदवारहरुले पनि दरखास्त पेश गर्नसक्नेछन ।

३.२) तेस्रो पटकको विज्ञापनमा समेत अध्यापन अनुमति पत्र प्राप्त उम्मेदवार दरखास्त दिन नआएमा विद्यालय व्यवस्थापन समितिको निर्णयले अन्य उम्मेदवारहरु वीच प्रतिस्पर्धा गराई शिक्षक छनौट समितिको सिफारिसमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

## परिच्छेद : चार

प्रश्न निर्माण परिक्षा सञ्चालन सम्वनधी व्यवस्था

४.१) परीक्षा संचालन सम्बन्धी प्रक्रिया

(क) शिक्षा शाखाले तोकेको केन्द्र, मिति र समयमा परीक्षा संचालन हुनेछ ।

(ख) परीक्षा संचालनको क्रममा आवश्यक पर्ने कर्मचारी तथा अन्य व्यवस्था नगर शिक्षा शाखाले तोकेबमोजिम हुनेछ ।

४.२) प्रश्नपत्र निर्माण सम्बन्धी प्रक्रिया

(क) प्रश्न निर्माणको लागि शिक्षा शाखामा रहेको विषय विज्ञहरुको अभिलेख अनुसार विषयगत शिक्षकहरुबाट गोला तानी परीक्षा संचालन हुनुभन्दा ३ घण्टा अघि आवश्यक मात्रामा रोष्टरको नामावली छनौट गरिनेछ ।

(ख) छनोट भएका रोष्टरहरुलाई शिक्षा शाखामा गोप्य रुपमा बोलाइ शिक्षक सेवा आयोगको तत्काल कायम पाठ्यक्रम अनुसार छनोट समितिका पदाधिकारीको रोहवरमा प्रश्न निर्माण गर्न लगाइनेछ । आवश्यक मात्रामा छपाइ तथा फोटोकपी गरी तत्काल खामवन्दी गरी परीक्षा केन्द्रमा परीक्षा समितिको रोहवरमा खोली परीक्षा संचालन गरिनेछ

४.३) उत्तरपुस्तिका परीक्षण सम्बन्धमा

(क) वस्तुगत तथा विषयगत परीक्षाका उत्तरपुस्तिकाहरु प्राप्त भएपछि  नगरशिक्षा अधिकारीको वा निजले तोकेको शाखाको कर्मचारीको रोहवरमा उत्तरपुस्तिकाको कोड कायम गरी कोडिङको अर्धकट्टी तत्काल शिलवन्दी गरिनेछ ।

(ख) त्यसपछि नगर शिक्षा अधिकारी वा निजले तोकेको शाखाको कर्मचारीको रोहवरमा विषयविज्ञवाट उत्तरपुस्तिका परीक्षण गराइनेछ ।

(ग) वस्तुगत परीक्षाको उत्तरपुस्तिका परिक्षण सम्बन्धमा १।३ बमोजिम गठित समितिको निर्णय अनुसार विषयविज्ञहरुले तत्काल उत्तरपुस्तिका परिक्षण गरी ५० प्रतिशत वा सो भन्दा

माथि अक प्राप्त गर्ने उम्मेदवारहरुको नामावली परीक्षा समिति समक्ष पेश गर्नु पर्नेछ ।

(घ) वस्तुगत परिक्षामा ५० प्रतिशत अक प्राप्त गरेका उम्मेदवारुको लिखित परीक्षा लिई उत्तीर्ण उम्मेदवारहरुलाई विषयगत र वस्तुगतको प्राप्ताङ्क जोडेर छनौट समितिको निर्णय अनुसार लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ ।

४.४) अन्तर्वार्ता सम्बन्धमा

(क) अन्तर्वार्ता वापत पाउने अङ्कभार शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार कायम गरिनेछ ।

(ख) २.५. क बमोजिम नम्बर कायम गर्दा आन्तरिक प्रतियोगिताको हकमा सम्बन्धित तहमा कार्यरत रहेको भए एक बर्षको आधा नम्बरका दरले बढीमा ५ नम्बर प्रदान गर्नेगरी छुट्याइनेछ ।

(ग) अन्तर्वार्ता छनौट समितिले तोकेको मिति र स्थानमा हुनेछ ।

(घ) लिखित र मौखिक परीक्षावाट बाट उच्चतम अंक सहित उत्तीर्ण हुने उम्मेदवारहरुको नामावली छनौट समितिले प्रकाशन गर्ने ।

४.५) बैकल्पिक उम्मेदवार नियुक्ति सम्बन्धमा

(क) निर्देशिकाको २.६ अनुसार नियुक्तिको लागि सिफारिस भएका उम्मेदवारले सूचनामा प्रकाशित अवधिभित्र नियुक्ति नबुझेमा वा नियुक्ति बुझेको ७ दिनभित्र विद्यालयमा हाजरि नभएमा छनोट समितिको निर्णयअनुसार वैकल्पिक उम्मेदवारलाई नियुक्ति गरिनेछ ।

## परिच्छेद : पाँच

परीक्षामा संलग्नहरुको सेवा सुविधा सम्बन्धमा

५.१) माथि उल्लेखित परीक्षा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यमा संलग्न पदाधिकारीहरु तथा कर्मचारीहरुले तपसिल बमेजिमको सेवा सुविधा पाउनेछन्

| | |
|---|---|
| (क) पदाधिकारी बैठक भत्ता प्रति बैठक | रु १५००।- |
| (ख) विषयगत प्रश्न निर्माण रोष्टर प्रति सेट | रु १५०० ।- |
| (ग) वस्तुगत प्रश्न निर्माण प्रति सेट | रु १५०० ।- |
| (ङ) उत्तरपुस्तिका परिक्षण विषयगत प्रति उपु | रु ५०।- |
| (च) वस्तुगत उत्तरपुस्तिका परिक्षण प्रति उपु | रु ५०।- |
| (छ) विषयगत प्रश्नपत्र टाइप प्रति सेट | रु २००।- |
| (ज) वस्तुगत प्रश्नपत्र टाइप प्रति सेट | रु ३००।- |

## परिच्छेद : छ

## विविध

६.१) परीक्षा संचालनको क्रममा आवश्यक पर्ने मसलन्द सामग्री, उत्तरपुस्तिका छपाइ लगायतको वन्दोवस्त वि।व्य। स को निर्णय अनुसार विद्यालयले गर्नेछ ।

६.२) परीक्षा संचालन, उत्तर पुस्तिका छपाइ, उत्तरपुस्तिका परीक्षण लगायत माथि उल्लेखित विभिन्न शीर्षकमा भएको खर्च परीक्षा दस्तुर वापत उठेको रकमबाट व्यहोरिनेछ ।
परीक्षा दस्तुरबाट खर्च नपुग भएमा बांकी खर्च विद्यालयले संचालन गरेको परीक्षा भएमा सम्बन्धित विद्यालयले खर्च व्यहोर्नुपर्नेछ ।

६.३) संशोधन
यो कार्यविधिमा परिमार्जन र सुधार गर्नुपर्ने भएमा नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सकिनेछ ।

६.४) व्याख्या

यो कार्यविधिको प्रयोगमा दिविधा उत्पन्न भएमा नगरपालिकाकार्यपालिकाको वैठकको निर्णयको व्याख्या अन्तिम हुनेछ ।

प्रमाणिकरण
जनकराज पौडेल
नगर प्रमुख

आज्ञाले
जिवन ज्ञावाली
प्रमुख प्रशासकीय अधिकृत